"शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, पर्यटन र रोजगारः समृद्ध सबैला निर्माणको आधार"

# सबैला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश, नेपाल

## आर्थिक वर्ष २०८३।०८४

## वार्षिक नीति तथा कार्यक्रम

## सबैला नगरपालिका

## नगरसभाको १५ औं अधिवेशन

**सबैला नगरपालिकाको**

नगरसभाको १५ औं अधिवेशनमा सबैला नगरपालिकाका नगर प्रमुख

**श्री कारीराम यादव ज्यू द्वारा प्रस्तुत**

आर्थिक वर्ष २०८३।०८४ को

**नीति तथा कार्यक्रम**

नेपाली जनताको लामो त्याग र बलिदानबाट प्राप्त संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था बमोजिम गठन भएको यस सबैला नगरपालिकाको नगरसभाको १५ औं अधिवेशनमा हाम्रो निमन्त्रणलाई स्वीकार गरी आफ्नो कार्य व्यस्तताका बाबजुद पनि आउनु भएकोमा नगरसभा उपाध्यक्ष ज्यू, नगरसभाका सचिव ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु वडा सदस्य ज्यूहरु एवम् नगरसभा सदस्यज्यूहरु, राष्ट्रयसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार तथा सञ्चारकर्मीहरु लगायत विभिन्न सञ्चार माध्यमको प्रत्यक्ष प्रशारण बाट सुनिरहनु भएका सम्पूर्ण नगरवासी आमा-बुवा, दाजुभाई तथा दिदि-बहिनीहरु बिच यस गरिमामय सबैला नगरपालिकाको नगरसभाको १५ औं अधिवेशनमा सबैला नगरपालिका परिवार र म नगर प्रमुखको तर्फबाट समेत सम्पूर्णमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

यस सम्मानित सभा समक्ष सबैला नगर कार्यपालिकाको तर्फबाट नगरसभाको १५ औं अधिवेशनको उद्घाटन समारोहलाई आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम मार्फत प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वीत भएको छु । यस ऐतिहासिक नगरसभाको १५ औं अधिवेशनको शुभअवसरमा नगरसभामा सम्बोधन गरि रहँदा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका साथै राजनीतिक, सामाजिक परिवर्तनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तन, विभिन्न न्यायपूर्ण आन्दोलन, क्रान्ति, जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलन लगायतका बलिदानीपूर्ण सशक्त संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात, अज्ञात सम्पूर्ण महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु साथै अग्रगामी रुपान्तरणमा अग्रजहरुले पुर्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु ।

हाम्रो नेतृत्वको नगरसभाले अङ्गिकार गरेको **"शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, पर्यटन र रोजगारः समृद्ध सबैला निर्माणको आधार"** भन्ने अवधारणा एवम् दीर्घकालीन सोचलाई निरन्तरता दिदै अघि बढ्ने क्रममा नगरसभाको यस अधिवेशन सम्म आईपुग्दा हामीले चार वर्षको कार्यकाल पूरा गरी हामी यस नगरपालिकामा निर्वाचित भई आएको पाचौं वर्षमा प्रवेश गरेका छौ । यस अवधिमा नगरबासीले सुम्पिएका जिम्मेवारीहरुलाई पूरा गर्न स्व-उत्प्रेरित भई काम गरिरहेका छौं । अझै पनि नगरबासीका चाहना, माग र आवश्यकताहरुको उच्च सम्मान गरी सबैलालाई सुन्दर, स्वच्छ, समृद्ध एवम् लोक कल्याणकारी नगरपालिका बनाउने उच्च आदर्शले प्रेरित भई निरन्तर लागि रहनेछौ । प्रस्तुत नीति तथा कार्यक्रम हाम्रो सबैला नगरपालिकाको लागि हाम्रो कार्यकालको

अन्तिम मार्गचित्र हो ।हामीले विगत चार वर्षमा प्रस्तुत गरेको दृष्टिकोण, कार्य सम्पादन र यसबाट प्राप्त प्रतिफलको मूल्याङ्कन गर्ने जिम्मेवारी यस सबैला नगरपालिकाका आम नगरबासीहरुलाई दिन चाहन्छु। विभिन्न समस्या र चुनौतीका बावजुद सबैला नगर र नगरबासीलाई समृद्ध, खुशी र आत्मनिर्भर बनाउनका लागि नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुको निरन्तर लगाव र विकास प्रतिको प्रतिवद्धताको प्रतिफल स्वरुप चालिएका कदमहरुको प्रभाव सबैला नगरले लामो समयसम्म महसुश गर्नेछ, भन्ने मैले विश्वास लिएको छु।

१. हामी निर्वाचित भएर आउँदा सबैला नगरपालिकाको शिक्षा क्षेत्र व्यवस्थापन गर्नु पर्ने चुनौतीलाई आत्मसाथ गर्दै अगाडि बढ्नु परेको थियो । विद्यालयको भौतिक अवस्था, पठनपाठनको स्थिति, शिक्षक अभावको अवस्था र कमजोर उपलब्धीको अवस्थालाई मनन गरी विद्यालय भवन निर्माण तथा मर्मतसम्भार, विद्यालयमा खानेपानी तथा शौचालय र विद्यालयको घेरबार तथा रङ्गरोगनका साथै शिक्षक अभावको अवस्थालाई नगर शिक्षकको व्यवस्था गरी उपलब्ध स्रोतको अधिकतम सदुपयोग गरी सार्वजनिक शिक्षामा सुधार गर्ने प्रयास गरेका छौं । तथापि, विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौतीलाई अझ सामना गर्न आवश्यक देखेका छौं ।

२. नगरवासीलाई गुणस्तरीय, सर्वसुलभ तथा प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्राथमिक स्वास्थ्य केन्द्र सबैलाबाट २४ सै घण्टा आकस्मिक (Emergency) स्वास्थ्य सेवा सञ्चालनमा ल्याई निरन्तरता प्रदान गरिएको छ। यस कार्यले नगरवासीलाई आकस्मिक स्वास्थ्य सेवाका लागि टाढा जानुपर्ने बाध्यता न्यूनीकरण गरी स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गरेको छ। स्वास्थ्य सेवाको दायरा तथा गुणस्तर विस्तार गर्ने दीर्घकालीन लक्ष्य अनुरूप प्राथमिक स्वास्थ्य केन्द्र सबैलालाई चरणबद्ध रूपमा नगर अस्पतालको रूपमा रूपान्तरण गरी सञ्चालनमा ल्याउने प्रयास गरिएको छ । आवश्यक जनशक्ति, उपकरण तथा सेवा विस्तार मार्फत स्वास्थ्य संस्थालाई स्थानीय तहको प्रमुख उपचार केन्द्रका रूपमा विकास गर्ने आधार तयार भएको छ। यस पहलले मातृ तथा शिशु स्वास्थ्य, आकस्मिक उपचार, आधारभूत तथा विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्नुका साथै स्वास्थ्य क्षेत्रप्रति जनविश्वास बढाउन महत्वपूर्ण योगदान पुगेको छ। स्थानीय सरकार नागरिकको स्वास्थ्य सुरक्षाप्रति जिम्मेवार रहेको सन्देश व्यवहारमा स्थापित गर्न यो उपलब्धि कोसेढुङ्गा साबित भएको छ।

३. नगरवासीलाई गुणस्तरीय, सर्वसुलभ तथा किफायती स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सबैला प्राथमिक स्वास्थ्य केन्द्रमा संस्थागत फार्मेसी सेवा सञ्चालनमा ल्याइएको छ। नेपाल सरकारबाट निःशुल्क वितरण गरिने ९७ प्रकारका अत्यावश्यक औषधिहरूबाहेक उपचार प्रक्रियामा आवश्यक पर्ने अन्य औषधिहरूलाई सुपथ तथा सहुलियतपूर्ण मूल्यमा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। दीर्घरोगी बिरामीहरूलाई प्रत्यक्ष राहत पुऱ्याउने उदेश्यले दम, उच्च रक्तचाप, मधुमेह जस्ता नसर्ने रोगका विरामीलाई निशुल्क औषधि वितरण कार्य प्रभावकारी बनाइएको छ ।

४. पूर्वाधार विकासतर्फ पि.सि.सि.ढलान बाटो १७.५ कि.मि. निर्माण गरी वस्तीहरु मुख्य तथा सहायक सडकहरु सँग जोडिएको छ । ट्र्याक खुलेका सडक मध्ये २३ कि.मि. मा माटो ग्राभेल गरी स्तरोन्नति गरिएको छ । ४ वटा सडकहरूमा नाला निर्माण गरिएको छ । सडक आवागमनमा सहजता ल्याउन १२ वटा कल्भर्ट निर्माण गरिएको छ । ४ वटा सार्वजनिक शौचालय, १७१ वटा टावर लाइट तथा स्ट्रीट लाइट जडान गरी उज्यालो नगर अभियान चलाइएको छ । विद्यालय, वडा कार्यालय, सामुदायिक भवन र स्वास्थ्य संस्था गरी ६७ वटा भवन निर्माण सम्पन्न गरिएको छ । पोखरी घाट निर्माण गरिनुको साथै पोखरी सौन्दर्यकरण समेत गरिएको छ । २३ वटा ट्युबवेल बोरिङ्ग जडान गरिएको छ । विभिन्न वडामा कृषि विद्युत र पोल तार जडान गरी ३५० बिघा कृषि योग्य जग्गा कृषि मिटर सहित सिचाइँ सुविधा पुर्याइएकोछ।

५.कृषिलाई सबैला नगरपालिकाको आर्थिक समृद्धिको आधारस्तम्भका रूपमा स्थापित गर्ने लक्ष्य अनुरूप कृषकहरूको उत्पादन लागत न्यूनीकरण तथा सिंचाइ सेवामा सहज पहुँच सुनिश्चित गर्न कृषि प्रयोजनका लागि जडान गरिएका विद्युत् मिटरहरूको विद्युत् महसुल नगरपालिकाबाट भुक्तानी गर्ने ऐतिहासिक तथा कृषकमैत्री कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ।यस कार्यक्रमबाट हजारौं कृषक परिवार प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। सिंचाइमा हुने खर्चमा उल्लेखनीय कमी आउनुका साथै वर्षैंभरि खेती गर्ने वातावरण निर्माण भएको छ। फलस्वरूप कृषि उत्पादन, उत्पादकत्व र खेतीयोग्य जमिनको उपयोगमा वृद्धि भएको छ। यस कार्यक्रमले परम्परागत निर्वाहमुखी कृषिलाई व्यावसायिक, प्रतिस्पर्धी तथा उत्पादनमुखी कृषि प्रणालीतर्फ रूपान्तरण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।स्थानीय सरकार जनताको घरआँगनको सरकार हो भन्ने मान्यतालाई व्यवहारमा उतार्दै कृषकहरूको आर्थिक भार न्यूनीकरण, खाद्य सुरक्षाको सुदृढीकरण तथा कृषि क्षेत्रको आधुनिकीकरणमा सहयोग पुगेको छ ।

६. हामीले कृषकलाई उत्पादन गर्न मात्र होइन, उत्पादनको उचित मूल्य प्राप्त गर्ने वातावरण सिर्जना गर्न पनि उत्तिकै जिम्मेवार रहेको ठानेका छौं। यही सोचका साथ कृषि उत्पादनको संरक्षण, भण्डारण तथा बजारीकरणलाई व्यवस्थित गर्न आधुनिक शीत भण्डार निर्माण कार्य गरेका छौं। यस उपलब्धिले कृषकहरूलाई तत्काल बिक्री गर्नुपर्ने बाध्यताबाट मुक्त गर्दै उत्पादनलाई सुरक्षित राख्न, बजारको अनुकूल अवस्थासम्म प्रतिक्षा गर्न तथा उचित मूल्य प्राप्त गर्न सहयोग पुऱ्याउनेछ। हामी विश्वास गर्दछौं कि यो पूर्वाधारले सबैला नगरपालिकाको कृषि क्षेत्रको रूपान्तरण, कृषकको आर्थिक सशक्तिकरण तथा कृषि मूल्य शृङ्खलाको विकासमा ऐतिहासिक योगदान पुऱ्याउने उद्देश्यका साथ वडा नं. ४ मा आधुनिक शीत भण्डार निर्माण गरिएको छ । जुन नगरपालिकाको कृषि समृद्धि तर्फको महत्वपूर्ण तथा दूरगामी उपलब्धिका रूपमा स्थापित भएको छ ।

७. दशकौ अघि देखि चर्चामा रहेको सबैला नगरपालिकाको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक गौरवको पुनःस्थापना गर्ने उद्देश्यका साथ मटेश्वरनाथ शिव मन्दिर परिसरमा पुरातात्विक अध्ययन तथा उत्खनन कार्य सम्पन्न गरिएको छ। उत्खननका क्रममा प्राप्त भएका प्राचीन संरचना, पुरातात्विक

अवशेष तथा ऐतिहासिक प्रमाणहरूले यस क्षेत्रको धार्मिक, सांस्कृतिक र सभ्यतागत महत्वलाई थप उजागर गरेको छ। यस उपलब्धिले सबैला नगरपालिकालाई केवल प्रशासनिक इकाइको रूपमा मात्र नभई प्राचीन धार्मिक सभ्यता र सांस्कृतिक सम्पदाको धनी क्षेत्रको रूपमा राष्ट्रिय स्तरमा परिचित गराउने आधार निर्माण गरेको छ। यसले स्थानीय समुदायमा आफ्नो इतिहास र पहिचानप्रति गौरवको भावना अभिवृद्धि गर्नुका साथै धार्मिक पर्यटन, अनुसन्धान तथा सांस्कृतिक संरक्षणका नयाँ सम्भावनाहरूको ढोका खोलिदिएको छ।

८. **"सीपयुक्त दक्ष जनशक्ति, रोजगार स्वरोजगारको प्रत्याभूति"** भन्ने नाराका साथ बेरोजगार सूचिकरण, आवश्यक्तामा आधारित तालिम तथा विभिन्न सिपमूलक तालिम कार्यक्रमबाट सबैला नगरपालिकाका विभिन्न वडा र टोलमा ३५०० जना भन्दा बढी व्यक्तिहरु प्रत्यक्ष लाभान्वित भई रोजगार र स्वरोजगारी सृजना भएको छ ।

९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई दिगो विकासको अभिन्न तथा अपरिहार्य आधारका रूपमा आत्मसात गर्दै कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (KOICA) तथा Global Green Growth Institute (GGGI) को प्राविधिक तथा संस्थागत सहयोगमा सबैला नगरपालिकामा अत्याधुनिक प्रविधियुक्त स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र (Local Emergency Operation Center – LEOC) स्थापना गरी सञ्चालनमा ल्याइएको छ। उक्त केन्द्रको स्थापनासँगै विपद् पूर्वतयारी, पूर्वसूचना प्रणाली, विपद् सूचना व्यवस्थापन, खोज तथा उद्धार समन्वय, राहत परिचालन, क्षति मूल्याङ्कन, पुनःस्थापना तथा आपत्कालीन प्रतिकार्यलाई थप व्यवस्थित, प्रभावकारी, प्रविधिमैत्री तथा परिणाममुखी बनाउन महत्वपूर्ण संस्थागत आधार तयार भएको छ।

१०. दक्ष जनशक्ति व्यवस्थापन, सूचना प्रवाह प्रणाली तथा प्राविधिक र व्यवस्थापकीय क्षमताको सुदृढीकरणले नगरपालिकाको दीगो विकास लक्ष्य हासिल गर्न मदत पुगेको छ । हालको अवस्थाले वित्तीय पारदर्शिता, श्रोत परिचालनको दक्षता, योजनाको कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन प्रणालिमा सुधार ल्याइएको छ । नगरपालिका कार्यालय र वडा कार्यालयहरूको भौतिक पूर्वाधार अपुग भएतापनि विगतको समयभन्दा सार्वजनिक सेवा प्रवाहको गतिमा सुधार ल्याइएको छ । नगरपालिकाको वेबसाइट मार्फत विभिन्न सूचनाहरू अद्यावधिक गरिएको छ ।

**नगरसभा सदस्यज्यूहरु,**

विगतका आर्थिक वर्षहरुमा निकै मात्रमा महत्वपूर्ण कार्यहरु गरेता पनि जनताको माग र जीवनस्तरमा परिवर्तन ल्याउन अझै धेरै कामहरु गर्न बाँकि नै रहेको परिप्रेक्षमा अब म सबैला नगरपालिकालाई व्यवस्थित र समृद्ध नगरपालिका बनाउन नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दिगो विकास लक्ष्य (SDGs), सोह्रै योजना, नेपाल सरकारको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तथा मधेश प्रदेश सरकारका प्राथमिकताहरूसँग तादात्म्यता कायम गर्दै आर्थिक, सामाजिक र पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र

सरसफाई क्षेत्र, सुशासन तथा संस्थागत विकास, सामाजिक न्याय, सशक्तिकरण लगायत नगरपालिकाको सर्वाङ्गिण विकासका लागि नगरपालिकाले आ.व. २०८३।०८४ मा अवलम्बन गर्ने नीति तथा कार्यक्रमहरू यस गरिमामय सभामा प्रस्तुत गर्दछु।

## ११. मूल उदेश्य

१. गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने।
२. कृषि तथा उद्यमशीलताको माध्यमबाट रोजगारी सिर्जना गर्ने।
३. भौतिक पूर्वाधार विकासलाई दिगो र व्यवस्थित बनाउने।
४. नगरवासीलाई सहज, सरल र पारदर्शी सेवा प्रदान गर्ने।
५. विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनलाई संस्थागत गर्ने।

## १२. समग्र क्षेत्रगत निति तथा आधारहरु

सबैला नगरपालिकाको लक्ष्य तथा उदेश्य हासिल गर्नका लागि निम्नानुसार क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

## १३. सामाजिक विकास

### (क) शिक्षा नीतिः

**मूल नाराः- "सबैलावासीको इच्छाः पहुँचयोग्य र गुणस्तरीय शिक्षा"**

(१) जनसहभागिता सहितको विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी बनाउँदै विद्यालय बाहिर बालबालिकाहरु नरहेको सुनिश्चित गरिनेछ।

(२) माग, आवश्यकता एवम् दूरीका आधारमा सामुदायिक विद्यालयको तह मिलान एवम् समायोजन गरिनेछ।

(३) न्यूनतम मापदण्ड सुनिश्चित गरी बालविकास कक्षा सञ्चालन तथा व्यवस्थापन गराइनेछ।

(४) नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकासका लागि प्रस्ताव मागका आधारमा अनुदानको व्यवस्था गरिनुको साथै अधुरा रहेका भौतिक संरचनाको निर्माण र मर्मत सम्भारमा जोड दिइनेछ ।

(५) सबै प्रकारका विद्यालय र शैक्षिक संस्थाहरूलाई सुरक्षित सिकाइ स्थलको रुपमा विकास गर्नका लागि स्वच्छ खानेपानी र सफा शौचालय सहित सिकाई वातावरण सहज बनाइनेछ।

(६) शिक्षक व्यवस्थापन अन्तर्गत विद्यालयमा आवश्यक न्यूनतम शिक्षक दरबन्दी मिलानको कार्य गरिनेछ। यसका लागि "जहाँ विद्यार्थी त्यहाँ शिक्षक" को नीति अख्तियार गरिनेछ।

(७) चालु आ.व २०८२।०८३ मा उपलब्ध नगर शिक्षक अनुदान कोटालाई विद्यालयको आवश्यकतानुसार तादाम्यता गरिनेछ। नगर शिक्षक व्यवस्थापनको कार्यलाई आगामी आ.व. २०८३।०८४ समेत निरन्तरता दिइनेछ।

(८) विद्यालयमा कार्यरत बालविकास शिक्षक, विद्यालय कर्मचारी र सहयोगीलाई नगरपालिकाबाट थप गरिदै आएको नपुग तलबभत्ताको रकमलाई निरन्तरता दिइनेछ।

(९) तहगत शिक्षक सम्मेलन गरी गुणस्तर्य शिक्षा अभिवृद्धि गरिनेछ । सोका लागि शिक्षक क्षमता विकास तालिम एवम् अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

(१०) शिक्षक मूल्याङ्कनलाई सिकाइ उपलब्धिसँग जोड्ने संयन्त्र विकास गरी, अभिभावकप्रति उत्तरदायी भई सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(११) शिक्षकलाई सक्रिय राजनीतिमा नलाग्न र शिक्षण सिकाइप्रति समर्पित बन्न प्रोत्साहित गर्ने विषयलाई विशेष प्राथमिकता दिइनेछ ।

(१२) विद्यालयको विकास र प्रभावकारीताका लागि विद्यालयको नेतृत्व न्यूनतम् र आवश्यक पूर्वसर्त भएकोले यसको प्रभावकारी व्यवस्थापनका लागि सक्षम, वरिष्ठ, कुशल, व्यवस्थापकीय र प्रशासकीय क्षमता भएका प्र.अ. व्यवस्थापन गर्ने रणनीति तर्जुमा गरिनेछ।

(१३) न्यूनतम सिकाइस्तर सुनिश्चित गर्न कक्षा ८ को परीक्षालाई व्यवस्थित र मर्यादित बनाउने तथा हरेक विद्यालयको नतिजा विश्लेषण गरी समीक्षात्मक कार्यशाला सञ्चालन गरी सुधारका लागि आवश्यक कदम चालिनेछ ।

(१४) अभिभावकहरुले अङ्ग्रेजी माध्यमको चाहना गरिरहेको वर्तमान सन्दर्भमा शिक्षणको माध्यम भाषामा भन्दा आधारभूत तहमा अङ्ग्रेजीको सिकाइमा विशेष जोड दिएर अभिभावकको विश्वास आर्जन गर्ने प्रयत्न गर्न इच्छुक विद्यालयलाई प्राविधिक सहयोग गरिनेछ ।

(१५) परियोजनामा आधारित सिकाइ तथा अन्य सान्दर्भिक वैकल्पिक सिकाइद्वारा गुणस्तर वृद्धि गर्ने कुरालाई विशेष ध्यान दिइनेछ । साथै कमजोर उपलब्धिस्तर भएका विद्यार्थी पहिचान गरी अतिरिक्त कक्षा संचालनमा जोड दिइनेछ ।

(१६) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा व्यवस्थापनका लागि नगरपालिकाबाट यथोचित अनुदानको व्यवस्था गरिनेछ। त्रैमासिक परीक्षाका प्रश्नपत्र हरेक विद्यालयले आफै बनाउने तथा उत्तरपुस्तिका परीक्षण गरी विद्यार्थीलाई फिर्ता दिने कार्य प्रारम्भ गरिनेछ ।

(१७) प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, नतिजा विश्लेषणका लागि तालिम, कार्यशाला, क्षमता विकास जस्ता कार्यहरुको व्यवस्था मिलाइनेछ ।

(१८) विषयगत शिक्षक सञ्जाल, ह्वाट्सएप ग्रुप, गुगल क्लास तथा अन्य समसामयिक आधुनिक सूचना प्रविधिको पहुँच बृद्धि गरी सिकाइमा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

(१९) स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०८४ बाट आधारभूत तहमा कार्यान्वयनमा ल्याइनेछ ।

(२०) विद्यालयहरुले कुनैपनि सेवा लिनका लागि नगरपालिकासम्म धाउनुपर्ने अवस्थालाई न्यूनीकरण गर्न विद्युतीय सेवा प्रवाहका ढाँचाहरु अवलम्बन गरिनेछ।

(२१) रैथाने ज्ञान, भाषा एवम् लिपिको संरक्षणका लागि परम्परागत विद्यालयहरुको सञ्चालन तथा व्यवस्थापनको कार्यलाई थप सुदृढ बनाइनेछ।

(२२) विद्यार्थीको सर्वाङ्गीण विकासका लागि विभिन्न प्रकारका अतिरिक्त क्रियाकलापहरु अनिवार्य गरिनेछ।

(२३) विद्यालयमा अनिवार्य बालक्लव गठन गरी बालबालिकाको पठन लगायत सिर्जनशीलता विकास तथा प्रष्फुटन हुने क्रियाकलापमा सक्रिय बनाइनेछ।

(२४) विद्यालयमा विद्यमान भौतिक संरचनामा सुधार गरी अपाङ्गमैत्री बनाउने तथा नयाँ निर्माण हुने भौतिक संरचना अनिवार्य अपाङ्गमैत्री तथा बालमैत्री बनाइनेछ ।

(२५) सामुदायिक तथा नीजि विद्यालयहरुका राम्रा अभ्यासहरु आदान—प्रदान गरी सहकार्यको संस्कृति विकास गरिनेछ ।

(२६) शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी, जवाफदेही र पारदर्शी बनाउनका लागि शिक्षा, युवा तथा खेलकुद शाखाबाट थप प्राविधिक सहायता उपलब्ध गराइनेछ।

**(ख) स्वास्थ्य तथा आयुर्वेद नीतिः**

**मुल नाराः- "आधुनिक स्वास्थ्य र आयुर्वेद सेवाःस्वस्थ नागरिक, समृद्ध सबैला"**

(१) नगर अस्पताल संचालन कार्यविधि, २०८३ को आधारमा प्राथमिक स्वास्थ्य केन्द्र सबैलामा १५ शैया सहितको सेवा सुविधायुक्त सबैला नगर अस्पताल संचालन गरिनेछ ।

(२) हाल संसारभरी नसर्ने रोगहरु महामारीकै रुपमा फैलिरहेको अबस्थामा उच्च रक्तचाप, मोटोपन र मधुमेह जस्ता नसर्ने रोगहरु नियन्त्रणको लागि परीक्षण अभियान संचालन गरिनेछ ।

(३) सबैला नगरपालिका भित्र प्राथमिक स्वास्थ्य केन्द्रबाट दीर्घ रोगीहरु (उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल) को लागि निःशुल्क रुपमा वितरण भई रहेको १० किसिमका औषधि वितरणलाई निरन्तरता दिइनेछ ।

(४) नव शिशु मृत्यु दर र मातृ मृत्यु दर कम गर्न स्वास्थ्य संस्थामा सुत्केरी हुनेको संख्या बढाउनका लागि संस्थागत सुत्केरीहुने आमालाई नगरपालिकाको स्रोत बाट थप यातायात र पोषण प्याकेज उपलब्ध गराइनेछ ।

(५) सबैला नगरपालिका को वडा नं. ९, १० र १२ मा बरथिंग सेन्टर संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

(६) सबैला नगरपालिकालाई पूर्ण खोप युक्त नगरपालिका कायम गरिनेछ ।

(७) भौतिक सुविधा कम भएका स्वास्थ्य चौकीहरुको भौतिक संरचना निर्माण गरी सुविधायुक्त बनाइनेछ ।

(८) सबैला नगरपालिका भित्र निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।

(९) कुष्ठरोग नियन्त्रण तथा निवारणको अवस्थालाई कायम राख्न सबैला नगरपालिकामा पत्ता लागेको अत्यधिक कुष्ठरोगीको दर (incidence rate) कम गर्न ट्रेसिंग अभियान संचालन गरिनेछ।

(१०) जनशक्तिको अभावका कारण आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुले दिने सेवा प्रभावित भई सबैला नगरपालिकाको स्वास्थ्य क्षेत्रका सम्पूर्ण सूचकहरू अत्यन्त कम्जोर देखिएकोले

सबैला नगरपालिकाको वडाहरुमा संचालित आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा अत्यावश्यक स्वास्थ्यकर्मीको उपलब्धता सुनिश्चित गरिनेछ ।

(११) महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन स्वरूप दिँदै आएको थप यातायात खर्चलाई निरन्तरता दिइनुको साथै हरेक वर्ष एक सेट झोला, छाता र टर्च लाइट उपलब्ध गराइनेछ ।

(१२) सबैला नगरपालिका भित्र क्षयरोगका बिरामीहरुको अत्याधिक चापलाई मध्यनजर गरी क्षयरोग सम्बन्धी खकार परीक्षण तथा मोबाईल X-RAY बाट छातीको जाँच अभियान तथा स्वास्थ्य शिक्षा सम्बन्धी बिभिन्न क्रियाकलापहरु संचालन गरिनेछ ।

(१३) सबै तहका स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ । त्यसका लागि सबैला नगरपालिका भित्रका जेष्ठ नागरिक, अपाङ्ग, अति गरिब, असहायहरुलाई स्वास्थ्य सेवा केन्द्रहरु बाट दिईने सम्पूर्ण सेवाहरु निःशुल्कका साथ प्राथमिकता दिइनेछ ।

(१४) नसर्ने रोगहरुको न्यूनीकरण गर्न स्वास्थ्य जीवन शैली, योगाभ्यास, प्राणायाम, ध्यान तथा आयुर्बेद औषधीको माध्यमबाट न्यूनीकरण गर्न नागरिक आरोग्य कार्यक्रम संचालन गरिनेछ ।

(१५) आयुर्वेद स्वास्थ्य संस्थाको भौतिक सुधार तथा आयुर्वेद उपचार सेवालाई थप विस्तार र प्रभावकारी बनाइनेछ ।

(१६) आयुर्वेद परामर्श सेवा र उपचार पद्दतिमा थप जोड दिइनेछ ।

**(ग) <u>युवा तथा खेलकुद नीतिः</u>**

(१) **"स्वस्थ्य युवाः समृद्ध नगर"** को आकाङ्क्षा लिई स्थानीय शासनका विविध पक्षहरुमा युवाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ। यसका लागि युवा क्लब र खेल समूहलाई प्रशिक्षण तथा क्षमता विकास गरिनेछ ।

(२) नगरपालिका भित्रका सबै वडामा कम्तीमा एउटा खेल मैदानको विकास गरी फुटबल, भलिबल, क्रिकेट, ब्याडमिन्टन जस्ता खेलकुदलाई प्रोत्साहन गर्न नगरपालिका स्तरीय खेलकुद विकास समितिको स्थापना गरिनेछ।

(३) युवाहरुलाई खेलकुदमा आकर्षित गर्न मेयर/उपमेयर कप खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ।

(४) राष्ट्रपति रनिङ्गशील्ड प्रतियोगिता सञ्चालन गरी विद्यार्थीहरु मध्येबाट विभिन्न खेल विधामा पालिकास्तरका खेल प्रतिभाको छनोट गरिनेछ।

(५) जिल्ला, प्रदेश र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा भाग लिने पालिका क्षेत्रभित्रका उत्कृष्ट खेलाडी तथा जित हासिल गराउन सहयोग पुर्याउने प्रशिक्षकलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाइनेछ।

(घ) <u>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक नीतिः</u>

**मूल नाराः "अधिकारमा समानता, अवसरमा पहुँच र जीवनभर सम्मान"**

(१) महिलाहरुको समुह गठन, समिति गठन ,निगरानी समुह गठन सँस्था परिचालन गरिनेछ।

(२) बालविवाह, दाइजो प्रथा, छुवाछूत, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा सबै प्रकारका विभेद अन्त्यका लागि शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

(३) नगरपालिकाभित्रका सबै विकास योजना, बजेट तथा कार्यक्रमहरूमा **लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट प्रणाली** लागू गरिनेछ।

(४) महिला तथा बालबालिका विरुद्ध हुने हिंसा न्यूनीकरणका लागि **एकद्वार संकट व्यवस्थापन तथा मनोसामाजिक परामर्श सेवा** विस्तार गरिनेछ।

(५) दलित, जेष्ठ नागरिक, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका लागि विशेष सेवा, अनुदान र समावेशी योजना निर्माणमा सहभागिता सुनिश्चित गरिनेछ ।

(६) लैङ्गिक समानता, बालअधिकार र सामाजिक समावेशिताका लागि जनचेतना, संस्थागत क्षमता वृद्धि तथा कानूनी कार्यान्वयन सुदृढ बनाइनेछ ।

(७) **"कोही पनि पछाडि नपरोस्"** भन्ने सिद्धान्त अनुरूप महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको समग्र अधिकार, सुरक्षा, सम्मान र समृद्धि सुनिश्चित गर्दै समावेशी, न्यायपूर्ण र मानवीय समाज निर्माण गरिनेछ।

(८) ज्येष्ठ नागरिकलाई सम्मानित, सुरक्षित र सक्रिय जीवनयापनका लागि **"सम्मानित बुढ्यौली अभियान"** सञ्चालन गरिनेछ।

(९) लागूऔषध, मदिरा तथा सुर्तीजन्य पदार्थको सेवनमा न्यूनीकरण, सीमा क्षेत्र तथा संवेदनशील स्थानहरूमा लागूऔषध ओसारपसार नियन्त्रणका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा सम्बन्धित निकायसँग सहकार्य गरिनेछ । लागूऔषध नियन्त्रण सम्बन्धी सूचना आदान–प्रदान तथा समुदायमा निगरानी प्रणाली सुदृढ गरिनेछ।

(१०) अति विपन्न नागरिकको सामुहिक विवाहलाई सामाजिक-साँस्कृतिक सम्मिलनका लागि प्रोत्साहित गरिनेछ।

(ङ) <u>सामाजिक सुरक्षा नीतिः</u>

**मूल नाराः "सबैको साथ, सबैको विकास, सामाजिक सुरक्षा हाम्रो निकास"**

(१) ज्येष्ठ नागरिक, असहाय, एकल महिला, फरक क्षमता भएका नागरिक तथा बालबालिकाको हितमा सामाजिक सुधार एवं कल्याणकारी कार्यक्रम संचालन गरिनेछ।

(२) सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणाली द्वारा भत्ता वितरण कार्यमा थप प्रभावकारी बनाइनेछ।

(३) नगरपालिकाका सम्पूर्ण वडाहरुमा सामाजिक सुरक्षा परिचयपत्र अध्यावधिक गरिनेछ ।

(४) सामाजिक सुरक्षा भत्ता वितरणका लागि थप बैंकको व्यवस्था मिलाई लाभाग्राहीहरुलाई भत्ता प्राप्त गर्न सहजीकरण गरिनेछ ।

**(च) <u>बहुक्षेत्रिय पोषण नीतिः</u>**

**मूल नाराः “सबै क्षेत्रको एउटै स्वर, पोषणयुक्त बनाऔं आफ्नो नगर”**

(१) सबैला नगरपालिकाको महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन विषयगत तथा क्षेत्रगत रुपमा सुधारको लागि योजनावद्ध प्रयास गर्दै लगिनेछ ।

(२) बहुक्षेत्रिय पोषण योजना अन्तरगत पोषणमैत्री स्थानिय शासन (Nutrition Friendly Local Governance NFLG) अवलम्बन गर्न विशेष अभियान सञ्चालन गरिनेछ ।

(३) बहुक्षेत्रिय पोषण योजनाले निर्दिष्ट गरेका उपलब्धि तथा प्रतिफल प्राप्तिको लागि संघीय र प्रदेश सरकारका सँग यस पालिकाले विषयगत शाखा र साझेदार निकायहरुसंग समन्वय गरी पोषण लक्षित र संवेदनशील क्रियाकलापहरू कार्यान्वयन गर्दै लगिनेछ ।

(४) पोषण अवस्थामा सुधार ल्याउन समुदाय स्तरमा पोषण लेखाजोखा गरी कुपोषणको अबस्थालाई समयमा नै स्क्रिनिङ गरी उपचार ब्यवस्था मिलाईनेछ ।

(५) पोषण मैत्री वडा घोषणाका लागि आवश्यक क्रियाकलाप सञ्चालन गरी आगामी वर्षमा पोषण मैत्री पालिका घोषणाका आधार तयार गरिनेछ।

(६) वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको संस्थागत र क्षमता विकासमा जोड दिईनेछ ।

**१४. <u>आर्थिक विकास नीतिः-</u>**

**(क) <u>कृषि नीतिः</u>**

**मूल नाराः “खेत देखि पेट सम्मः गोठ देखि ओठ सम्म”**

(१) कृषिमा उत्पादकत्व वृद्धि, खाद्य सुरक्षा र कृषकको आयवृद्धि गर्ने लक्ष्यसहित सिँचाइ पूर्वाधार निर्माण र भू-उपयोगलाई प्राथमिकता दिइनेछ ।

(२) उत्पादन परिमाण तथा गुणस्तरको आधारमा कृषकहरुलाई सहकारी मार्फत अनुदान प्रदान गरिनेछ ।

(३) उत्पादन देखि बजारसम्म कृषि उपजको न्यूनतम समर्थन मूल्यको सुनिश्चतता, संकलन केन्द्र, कृषि बजारको व्यवस्थापन गरिनुको साथै कृषि उपज बजारीकरणका लागि कृषि रेफ्रिजेरेटर भ्यान तथा कृषि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइनेछ ।

(४) **“एक वडा एक उत्पादन”** को सम्भाव्यता अध्ययन गरी आगामी वर्ष कम्तिमा ३ वटा वडामा नमूना परीक्षण कार्यक्रम लागू गरिनेछ ।

(५) कृषक तालिम, IPM कृषक पाठशाला र अनुसन्धान मार्फत प्राविधिक क्षमता विकास गर्दै बाली उपचार र विपद् राहत व्यवस्थापन कार्यक्रमद्वारा कृषि क्षति न्यूनीकरण गरिनेछ । माटोको जैविक गुणस्तर कायम राख्न प्राङ्गारिक मल उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गर्दै रसायनिक मल र विषादीको प्रयोगलाई नियमन गरी गड्यौले मल बनाउने र गड्यौले मलको प्रयोग बढाई रसायनिक मलको प्रयोगमा नयूनीकरण गरिनेछ ।

(६) सिचाईका लागि कमला नहर सुधार कार्यक्रम, कुलोको पानीलाई व्यवस्थित गरिनेछ ।

(७) माटो परीक्षण शिविर संचालन गरी माटोको जैविक गुणस्तर कायम राख्न प्राङ्गारिक मल उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गर्दै लगिनेछ ।

(८) **"उत्पादनमा वृद्धि नगरको आमदानी"** भन्ने नाराका साथ क्लस्टरमा धान, गहुँ, फलफूल, ताजा तरकारी, सयपत्री फूल, तरबुजा खेती लगायत हिउँदे तथा वर्षे बाली प्रवर्द्धन गरिनेछ ।

(९) आर्थिक विकास सम्बन्धी सूचना, कृषि सेवा तथा सल्लाह, दैनिक बजार मूल्य नगरपालिकाको वेबसाइट मार्फत अपडेट गरिनेछ ।

(१०) **"लागत घटाउ आम्दानी बढाऔं"** नारा सहित आधुनिक यान्त्रीकीकरण र वैज्ञानिक माटो व्यवस्थापन गर्ने उदेश्यले उन्नत बीउ, कृषि यन्त्र र मलमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

(११) बाली बिमामा जोड दिदै प्राकृतिक प्रकोप पीडित किसानलाई राहत प्याकेज दिनुका साथै वैकल्पिक बाली प्रवर्द्धन गरिनेछ ।

(१२) आम्दानी गर्ने उदेश्य सहित कमला किनारमा रहेको खाली जग्गालाई संरक्षण (तारबार) गरी फलफुल (आँप, लिची, तथा स्थानीय फलफुल) बगैचाको स्थापना र पाँच बर्ष पछि मैरी पालन गरी नमुना कृषि पर्यटनको रुपमा विकास गरिनेछ।

(१३) बगर खेतीलाई प्रोत्साहित गरी बिपन्न बेरोजगार युवालाई आकर्षित गरिनेछ ।

(१४) सामूहिक खेती संचालन प्रत्येक वडामा ५/५ वटा कृषक समूक गठन तथा दर्ता गरी लाभान्वित पथा प्राविधिक सेवा पहुँचको व्यवस्था गरिनेछ ।

(१५) तोरी, सरसो, आलस, जस्ता तेलहन बाली गर्ने कृषकलाई उत्पादन स्थलमा नापजाँच गरी एक क्विन्टल भन्दा बढि उत्पादन गर्ने कृषकलाई रू. २५००।— प्रोत्साहन रकम उपलब्ध गराइनेछ । यसबाट तेलहनमा आत्म निर्भर बनाउन योगदान पुर्याउनेछ ।

(१६) धान, गहुँको उन्नत बीउ प्रयोग गरी उत्पादन बढाउन सक्रिय हुने कृषकलाई ५०% विउमा अनुदान उपलब्ध गराइनेछ ।

**(ख) <u>पशुपंक्षी सेवा नीतिः</u>**

**मूल नाराः "आधुनिक प्रविधि र पशु सेवा, नगरवासीलाई दिगो टेवा"**

(१) सबै वडामा पशु स्वास्थ्य शिविर संचालन गरी पशुपालक कृषकलाई लाभान्मुख गरिनेछ।

(२) महामारी जन्य रोगहरूको पूर्व सतर्कता अपनाई महामारी हुना साथ रोकथाम गर्ने उपाय अध्ययन गरिनेछ ।

(३) पशुपन्छी जन्य रोगको पहिचान र अध्ययनका लागि प्रयोगशाला सेवा विस्तार गरिनेछ ।

(४) उन्नत जातका पशुहरूको कृत्रिम गर्भधारण कार्यक्रम विस्तार र प्रभावकारी बनाइनेछ ।

(५) पशुजन्य मासु तथा दुग्ध पदार्थको उत्पादन वृद्धि गर्न उन्नत घाँसको विकास र विस्तार गरिनेछ ।

(६) व्यवसायी कृषकलाई लक्षित गरी खोर, गोठ सुधार तथा आधुनिक उपकरण प्रयोग गर्न प्रोत्साहन गरिनेछ । यसका लागि लागत सहभागिता वृद्धि गरिनेछ ।

(७) कृषकहरूलाई पशु बीमा तर्फ आकर्षित गर्न २५% लागत सहभागिता नगरपालिकालबाट व्यहोर्ने व्यवस्था गरिनेछ ।

(८) पशु व्यवसायिक फर्म विस्तारका लागि बेरोजगार युवा तथा महिला उद्यमीलाई प्रोत्साहन गरिनेछ ।

(९) आगामी वर्ष परीक्षणका रूपमा पशु सुत्केरी संरक्षण गर्न उन्नत गाई, भैसी पालक कृषकलाई पशु सुत्केरी स्याहार प्रोत्साहन स्वरूप रू. ५००।— प्रति गाई/भैंसी उपलब्ध गराइनेछ ।

(१०) सबैला नगरपालिकालाई मासु र दुग्ध उत्पादनमा आत्म निर्भर बनाई निर्यात बढाउन आकर्षक कार्यक्रम संचालन गरिनेछ ।

(ग) <u>मत्स्य पालन नीतिः</u>

**मूल नाराः "मत्स्य पालनमा युवाको ध्यान, नगरको आर्थिक उत्थान"**

(१) नगरपालिका भित्रका सरकारी तथा निजी पोखरीहरुका मत्स्यपालक कृषकलाई प्रोत्साहित गरी माछाको उन्नत जातमा विविधिकरण गरिनेछ ।

(२) माछा बजार र मत्स्यपालक कृषकको क्षमता विकास गरिनेछ ।

(घ) <u>संस्कृति तथा पर्यटन प्रवर्द्धन नीतिः</u>

**मूल नाराः "सांस्कृतिक नगर, पर्यटकीय गन्तव्य"**

(१) सबैला नगरपालिकाको इतिहास, मौलिक भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

(२) धार्मिक मेलाको बखत धार्मिक पर्यटकलाई सहजिकरण तथा धार्मिक उत्सवलाई व्यवस्थित गर्न स्वयम्सेवक परिचालन गरिनेछ ।

(३) धार्मिक पर्यटनलाई प्रोत्साहन गर्दै मन्दिर, मस्जिद, पोखरी र कमला नदिको किनारमा "नमूना पार्क" निर्माणको गुरुयोजना बानइनेछ ।

(४) मटेश्वरनाथ क्षेत्रलाई धार्मिक र सांस्कृतिक धरोहरको रुपमा विकास गर्न पुरातत्व विभाग सँग नगरपालिकाले सहकार्य गरी पूर्वाधार विकास निर्माण गरिनेछ ।

(५) पर्यावरणमैत्री तथा दिगो पर्यटन विकासलाई प्रोत्साहन गर्ने प्राकृतिक श्रोत तथा वातावरण संरक्षणमा विशेष ध्यान दिइनेछ ।

(६) नगरको विशिष्ट धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पहिचानलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ब्राण्डिङ्ग गरी सबैलालाई सांस्कृतिक तथा धार्मिक पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ ।

(ङ) <u>उद्योग, व्यापार र रोजगार नीतिः</u>

**मूल नाराः "सीप सिकौः रोजगार बनौं"**

(१) सबैला नगरपालिकाको उद्योग र व्यवसाय क्षेत्रमा कृषि उत्पादनलाई कच्चा पदार्थको रुपमा उपयोग गर्ने र त्यसबाट मुल्य अभिवृद्धि गर्ने उद्यमहरुको प्रवर्द्धन गरिनेछ ।

(२) स्थानीय आवश्यकताहरु पुरा गर्नका लागि साना, घरेलु र मझौला उद्योगहरुको स्थापनालाई प्रोत्साहित गर्ने, साथै ठुला उद्योगहरुको स्थापना र नँया उद्योगको विकासका लागि उपयुक्त वातावरण सिर्जना गरिनेछ ।

(३) स्थानीय उद्यमशीलता र स्वरोजगारी सिर्जना गर्ने उदेश्यका साथ युवाहरु र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई साना उद्योग संचालनमा प्रेरित गरिनेछ ।

(४) उद्योग, व्यापार र आपूर्ति क्षेत्रमा समावेशी र दिगो विकासको लागि नीति, कार्यक्रम र पूर्वाधारहरुको निर्माण गर्न कार्य गरिनेछ ।

(५) बैदेशिक रोजगारबाट फर्केका युवाहरुसँग स्वदेशी उद्यममा सहभागी गराएर, तिनीहरूको सीप र अनुभवलाई समृद्धिमूलक रूपमा प्रयोग गर्ने योजना बनाइनेछ ।

(६) यस नगरपालिका अन्तर्गत रहेका बेरोजगार युवाहरूलाई सीपमूलक तालिम र रोजगारको अवसरहरुको प्रचार गरिनेछ ।

(७) वैदेशिक रोजगारी तथा अन्य कारणबाट समस्यामा परेका व्यक्ति तथा तिनका परिवारलाई समुदायस्तरमा गई मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ ।

(८) रोजगारदाता तथा रोजगारीको अवसरको खोजिमा रहेका व्यक्तिहरूलाई लक्षित गरेर रोजगार मेला कार्यक्रम आयोजना गरिनेछ ।

**(च) <u>सहकारी नीतिः</u>**

**मूल नाराः "सहकारीको लगानीः उत्पादन, रोजगारी र आम्दानी"**

(१) सवैला नगरपालिकामा बचत तथा ऋणको कारोवार गर्ने सहकारीलाई नियमन गरी कोपोमिसमा आवद्ध गरी यस नगरपालिकामा भएका सम्पूर्ण सहकारीको अनुगमन गरी मूल्यांकनका आधारमा समस्याग्रस्त सहकारीको पहीचान गरी समस्याग्रस्त सहकारीको सूचि प्रकाशन गरी त्यस्ता सहकारीमा रहेका बचतकर्ताको बचत फिर्तालाई प्राथमित्कामा राखिनेछ। अनियिमतता गरेका सहकारी उपर कारबाईका लागि आवश्यक प्रकृया अगाडी बढाईने छ ।

(२) प्रत्येक नागरिकलाई कम्तिमा एउटा वित्तिय संस्थासँग सम्बन्धित गराइनेछ ।

(३) सहकारी संस्थाहरुलाई कृषि, उद्योग, पशुपालन, पर्यटन आदि क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।

(४) युवा, महिला, विपन्न तथा बैदेशिक रोजगारबाट फर्किएकाहरुलाई सहुलियत ऋण दिइने व्यवस्था मिलाइनेछ ।

(५) समुदायस्तरमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

## १५. पूर्वाधार विकास

### (क) सडक तथा यातायात नीतिः

(१) समावेशी, दिगो, सुरक्षित र सुलभ यातायात संजाल विकास गरिनेछ ।

(२) सडक संजाल विस्तार गरी सबै वस्तीहरुलाई वर्षभर सहज आवागमन गर्न मिल्ने बनाइनेछ ।

(३) कालोपत्रे सडक निर्माणमा जोड दिइनेछ ।

(४) प्रमुख तथा सहायक सडकहरुको नियमित मर्मत र स्तरोन्नती गर्दै यातायात सुरक्षामा जोड दिइनेछ ।

(५) सार्वजनिक यातायात विश्रामस्थल निर्माण गर्दै सार्वजनिक सेवाको पहुँच र सुविधा वृद्धि गर्न घुम्ती र थप सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

### (ख) भवन, आवास तथा शहरी विकास नीतिः

(१) अपाङ्ग, महिला, बालमैत्री तथा हरियालीयुक्त सार्वजनिक संरचना विकासमा जोड दिइनेछ।

(२) भवन निर्माण अनुमति प्रणालीलाई डिजिटल बनाई नगरपालिकाको मापदण्ड बमोजिम कार्यान्वयनमा जोड दिइनेछ।

(३) यात्री सेड, पार्क, खुला स्थान र सार्वजनिक भवनहरुको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

(४) स्थानीय श्रोतसाधान, सामग्री तथा श्रमको प्रयोगद्वारा रोजगारी सृजना र निर्माण लागत कम गर्ने कार्यहरु अबलम्बन गरिनेछ ।

(५) भू-उपयोग योजना निर्माण तथा भवन संहिता अनुसार सुरक्षित, समावेशी, पहुँचयुक्त र दिगो वस्ती तथा आवास विकासका लागि सचेतिकरण र नमूना विकास गरिनेछ ।

**(ग) <u>जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा नीतिः</u>**

(१) स्वच्छ, सस्तो र भरपर्दो उर्जा सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्दै दाउरा र एल.पि.जी.ग्यासमा आधारित खाना पकाउने प्रविधिलाई विस्थापित गर्दै नविकरणीय उर्जा, विद्युतिय चुलो तर्फ रुपान्तरण गरिनेछ ।

(२) तिन फेज विद्युत लाईन विस्तार, ट्रान्सफर्मर जडान र वैकल्पिक उर्जा प्रवर्द्धन मार्फत व्यवसायिक तथा कृषि सिचाइ क्षेत्रको उर्जा आवश्यक्तामा सुधार ल्याइनेछ ।

(३) सुधारिएको चुलो, वायोग्यास प्लान्ट तथा विद्युतीय चुलोको व्यापक प्रयोग गराई वातावरणमैत्री जीवनशैलिको प्रवर्द्धन गरिनेछ ।

**१६. <u>वन, वातावरण तथा विपद् व्यवस्थापन</u>**

**(क) <u>वन, वातावरण, खानेपानी, सरसफाई, फोहोर तथा विपद् व्यवस्थापन नीतिः</u>**

**मूल नाराः-"स्वच्छ वातावरण, जलवायु उत्थानशील विकास र विपद् सुरक्षित सबैलाःसमृद्ध नगर निर्माणको आधार"**

(१) **"एक नागरिक—एक वृक्ष, एक घर—दुई बिरुवा"** अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

(२) नगर क्षेत्रभित्रका मुख्य सडक, कृषि सडक, नहर किनार, नदी उकास क्षेत्र, विद्यालय तथा सार्वजनिक जग्गाहरूमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

(३) प्रत्येक वडामा कम्तीमा एक "हरित पार्क" तथा "सामुदायिक उद्यान" निर्माण गर्ने कार्यक्रम अघि बढाइनेछ।

(४) सामुदायिक वन उपभोक्ता समितिहरूसँग साझेदारी गरी वन संरक्षण तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।

(५) जैविक विविधता संरक्षण योजना तयार गरी स्थानीय वनस्पति, जडीबुटी तथा वन्यजन्तुको संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

(६) महिलामैत्री तथा गरिबमुखी वन उद्यम विकासलाई प्राथमिकता दिइनेछ।

(७) जलवायु परिवर्तनबाट सबैला नगरपालिकामा पर्ने प्रभावको अध्ययन गरी "स्थानीय जलवायु परिवर्तन अनुकूलन योजना (LAPA)" अद्यावधिक गरिनेछ।

(८) कृषि, स्वास्थ्य, खानेपानी तथा पूर्वाधार क्षेत्रमा जलवायु उत्थानशील (Climate Resilient) कार्यक्रम सञ्चालन गरिनेछ।

(९) "फोहोरबाट स्रोत" अवधारणालाई कार्यान्वयन गरि घरधुरीमै फोहोर वर्गीकरण प्रणाली लागू गर्दै संकलित जैविक फोहोरबाट कम्पोष्ट मल उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ।

(१०) प्लास्टिक जन्य फोहोर न्यूनीकरणका लागि एकपटक प्रयोग हुने प्लास्टिक निषेध अभियान सञ्चालन गरिनेछ ।

(११) नगर क्षेत्रमा वैज्ञानिक ल्यान्डफिल साइट तथा फोहोर प्रशोधन केन्द्र स्थापनाको गरिनेछ।

(१२) नगर क्षेत्रभित्र रहेका नदी, खोला, पोखरी तथा सिमसार क्षेत्रहरूको संरक्षण तथा पुनर्जीवन कार्यक्रम सञ्चालन गरिनेछ ।

(१३) नगरस्तरीय तथा वडा स्तरीय विपद् व्यवस्थापन योजना अद्यावधिक गरिनेछ।

(१४) विद्यालय, स्वास्थ्य संस्था तथा सरकारी कार्यालयहरूको विपद् सुरक्षा परीक्षण गरिनेछ।

(१५) नगरस्तरीय दक्ष खोज तथा उद्धार टोली (Municipal Emergency Response Team) गठन गरिनेछ।

(१६) खोज तथा उद्धार कार्यका लागि रेस्क्यु बोट, राफ्टबोट, लाइफ ज्याकेट, स्ट्रेचर, चेनस, फायर सेफ्टी उपकरण तथा आधुनिक सामग्रीको उच्चतम प्रयोग गरिनेछ।

(१७) प्रत्येक वडामा अग्नि सुरक्षा स्वयंसेवक समूह गठन गरिनेछ।

(१८) नगर क्षेत्रमा आधुनिक दमकल सेवा सुदृढ गरिनेछ।

(१९) नगर विपद् व्यवस्थापन कोषलाई थप सुदृढ बनाइनेछ।

(२०) विपद्का समयमा तत्काल राहत वितरण गर्न पूर्वभण्डारण प्रणाली स्थापना र संचालन गरिनेछ ।

## १७. <u>संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनः</u>

### (क) <u>सामान्य प्रशासन नीतिः</u>

(१) यस नगरपालिकावाट उपलब्ध गराउने सेवा सुविधालाई व्यवस्थित र समयानुकुल सञ्चालन गर्न नगरपालिकाको आफ्नै भवनवाट सेवा दिन आवश्यक पूर्वाधार तथार गर्दै लगिनेछ ।

(२) सेवालाई छिटो छरितो र दुरुस्त सेवाका लागि नगरपालिकाको जनप्रतिनिधी, कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि तालिम, अवलोकन भ्रमण संचालन गरिने छ ।

(३) नगरपालिकावाट उपलब्ध गराईने सेवाग्रही सँग सम्बन्धित सेवा सुविधालाई व्यवस्थित गर्नको लागि सहायताकक्षको व्यवस्था गरी दैनिक सेवा प्रवाहलाई सरल र सहज बनाउन पहल गरिनेछ ।

(४) नगरपालिका र वडाबाट उपलब्ध गराईने सेवाहरु असहाय, अपाङ्ग, बृद्ध बृद्धा एवंम दृष्टिबिहिहरुको लागि प्राथमिक्ता साथ एकद्धार प्रणालीवाट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

(५) सेवामुखी एवंम जवाफदेहीको आधारमा कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन विधि लागू गरिनेछ । साथै **सवै सेवा सधै** उपलब्धका लागि प्रत्येक सेवाको बैकल्पिक उपायको व्यवस्था गरिनेछ ।

(६) नगरपालिकाको कर्मचारी कल्याणकोषका बिशेष कोषहरु स्थापना गरिनेछ ।

(७) मानव संसाधन विकास , संस्थागत विकास र क्षमता विकासलाई उच्च प्राथमिक्तामा राखि नगरपालिका भित्र रहेका मानव संसाधनको रोष्टर तथार गरिनेछ ।

(८) सुशासन र आर्थिक अनुशासन कायम गर्न नगरपालिकाको आय व्यय विवरण नियमित प्रकाशित गर्दै लगिनेछ ।

(९) सेवालाई थप प्रभावकारी बनाउन प्रत्येक महिना **१ वडा १ दिन** नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत कम्तीमा १ दिन वडा कार्यालयमा जन गुनासो सुन्ने व्यवस्था गरिनेछ ।

(१०) जवाफदेहिता तथा पारदर्शिताका लागि प्रत्येक ६ महिनामा एक पटक नागरिक सुनुवाई गर्ने व्यवस्था गरिने छ ।

(११) दरबन्दि पुनरावलोकन गरी विषयगत जनशक्तिको समुचित व्यवस्था गर्ने तथा कार्यसम्पादनमा आधारित मानव संसाधन प्रणालिको विकास गरिनेछ ।

(१२) नागरिक वडापत्र, वेवसाइट, अनुगमन संयन्त्र तथा नीति संवाद मार्फत् उत्तरदायित्य र पारदर्शिता सुनिश्चिता गरिनेछ ।

**(ख) <u>सूचना, संचार तथा प्रविधी नीतिः</u>**

(१) सूचना वर्गीकरण (सार्वजनिक, आन्तरिक, गोप्य, अत्यन्त गोप्य) को नीति अङ्गीकार गरिनेछ ।

(२) नगरपालिका तथा वडा कार्यालयका सेवाहरू एकीकृत गर्न **"नगर मोबाइल एप"** विकास गरिनेछ।

(३) घर नक्सा स्वीकृति, व्यवसाय दर्ता तथा नवीकरण प्रक्रिया डिजिटल बनाइनेछ।

(४) नगरपालिका तथा वडाबाट उपलब्ध गराईने सार्वजनिक सेवा सुविधाहरु स्पष्ट हुने गरी जवाफदेहीता सहितको डिजिटल नागरिक वडापत्र कार्यान्वयनमा ल्याईने छ ।

(५) नगरस्तरीय डाटा सेन्टर स्थापना गरिनेछ।

(६) सडक, खानेपानी, विद्यालय, स्वास्थ्य संस्था जग्गा तथा सार्वजनिक सम्पत्तिको अभिलेखको व्यवस्थापनका लागि GIS आधारित डिजिटल म्यापिङ्ग प्रणाली विकास गरिनेछ।

(७) प्रत्येक घरधुरीलाई QR कोड सहितको घर नम्बर प्रदान गरी डिजिटल नागरिक अभिलेखीकरणलाई सुदृढ बनाइनेछ।

(८) सामुदायिक विद्यालयहरूमा स्मार्ट क्लासरूम स्थापना गरिनेछ।

(९) विद्यालयहरूमा कम्प्युटर ल्याब र डिजिटल लाइब्रेरी स्थापना तथा संचालन गरिनुका साथै शिक्षक तथा विद्यार्थीहरूलाई ICT तालिम प्रदान गरिनेछ।

(१०) डिजिटल कृषि सूचना केन्द्र स्थापना गरिनेछ।

(११) सार्वजनिक सुनुवाइ तथा नगरसभा कार्यक्रमको लाइभ प्रसारन गरिनेछ।

(१२) नागरिक सुझाव तथा प्रतिक्रिया व्यवस्थापन प्रणाली विकास गरिनेछ।

(१३) सम्भाव्यताको आधारमा सार्वजनिक स्थानहरूमा Free Wi-Fi Zone स्थापना गरिनेछ।

(ग) <u>राजस्व तथा वित्तीय श्रोत व्यवस्थापन नीतिः</u>

(१) नगरपालिकाका क्षेत्रभित्र आर्थिक वर्ष २०८३।८४ देखि एकिकृत सम्पत्ति कर लागू गरिनेछ ।

(२) बक्यौता रकम असुल गर्ने प्रयोजनको लागि नगरपालिका क्षेत्रभित्र बर्गिकृतरुपमा भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

(३) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वाआंशिक तवरले वहालमा लिए दिएकोमा घर जग्गा वहाल कर लगाइनेछ ।

(४) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइनेछ ।

(५) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत जडिबुटी कवाडी र जीवजन्तु कर लगाइनेछ ।

(६) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा नियमानुसार विज्ञापन कर लगाइनेछ ।

(७) नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा व्यवसाय कर लगाइनेछ ।

(८) यस नगरपालिकाको स्वामित्वमा रहेका पोखरी हाटबजार तथा अन्य संरचनाहरु लाई व्यापक परिचालन गरी सो बाट उल्लेखनीय रुपमा बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(९) नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाइनेछ ।

(१०) करका क्षेतर्रहरूको पहिचान गरी सो को सम्भाव्यता अध्ययन गरी क्रमशः कर लागू गरिनेछ ।

(घ) <u>न्याय तथा मेलमिलाप नीतिः</u>

(१) न्यायमा पहुँच अभिवृद्धिका लागी सामुदायिक कानूनी घुम्ती शिविर संचालन गरिनेछ ।

(२) विद्यालय तहमा कानूनी साक्षरता कार्यक्रम कार्यान्वयन गर्न विद्यालयहरु सँग सहकार्य र समन्वय गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

(३) मेलमिलाप कार्य सम्पादनको प्रभावकारिताको लागि मेलमिलापकर्ताको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

(४) विपन्न तथा सिमान्तकृत समुदायलक्षित न्यायीक तथा कानूनी परामर्श सेवालाई निरन्तरता दिइनेछ ।

(५) वडा मेलमिलाप केन्द्रलाई थप व्यवस्थित, प्रभावकारी र समुदायको पहुँचमा जोड दिइनेछ।

अन्त्यमा,

सबैला नगरपालिकालाई जनअपेक्षा अनुरुप विकास, सुशासन र समृद्धिको विश्वसनीय आधारका रुपमा स्थापित गर्ने हाम्रो प्रतिबद्धता दृढ र अविचलित रहेको छ । स्थानीय सरकार र नगरवासीबिचको समुचित उपयोग मार्फत यस नगरपालिकालाई समृद्ध, सुरक्षित, व्यवस्थित र सांस्कृतिक जीवन्तताले भरिपूर्ण नगरका रुपमा विकास गर्ने हाम्रो साझा सङ्कलप हो ।

हामी विकासलाई केवल पूर्वाधार निर्माणमा सिमित नराखी नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने, सहज सेवा प्रवाह सुनिश्चित गर्ने र हरेक नागरिकले स्थानीय सरकार आफ्नो अभिभावक भएको अनुभूति गर्ने वातावारण निर्माणमा प्रतिबद्ध छौ ।

नगरपालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार, निजी क्षेत्र, दातृ निकाय, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, वुद्धिजीवी, नागरिक समाज, युवा शक्ति, मतदाता तथा सम्पूर्ण नगरवासीमा रचनात्मक सहयोग, समन्वय र सहकार्यका लागि हार्दिक अपिल गर्दछु ।

नगर सभाको १५ औ अधिवेशन तयारीको प्रारम्भिक चरण देखि अहोरात्र खटिने राष्ट्र सेवक कर्मचारीहरु, जनप्रतिनिधिहरु, विभिन्न विषयगत समिति तथा सार्थक सहयोग गर्नु भएका सबैमा म र सबैला नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । आगामी दिनमा समेत सबैको समान सहभागिता र सहयोग रहनेछ छ भन्ने आशा, विश्वास र भरोसा राख्दै नीति तथा कार्यक्रम को सफल कार्यान्वयनका लागि नगरबासीको सहयोग र सहकार्यको अपेक्षाका साथ अहिलेलाई ओझल पर्न चाहन्छु ।

"धन्यवाद !"

कारीराम यादव
नगर प्रमुख
सबैला नगरपालिका

मितिः-२०८३ आषाढ १० गते बुधवार

"शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, पर्यटन र रोजगारः समृद्ध सबैला निर्माणको आधार"

# सबैला नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश, नेपाल

## आर्थिक वर्ष २०८३।०८४

## बजेट वक्तव्य

## सबैला नगरपालिका

## नगरसभाको १५ औं अधिवेशन

२०८३ आषाढ १० गते बुधबार

**सबैला नगरपालिकाको**

नगरसभाको १५ औं अधिवेशनमा सबैला नगरपालिकाको नगर उप-प्रमुख

**श्री रहिमा खातुन ज्यू द्वारा प्रस्तुत**

आर्थिक वर्ष २०८३।०८४ को

**बजेट वक्तव्य**

**यस सबैला नगरपालिकाको गरिमामय नगरसभाका सभाध्यक्ष ज्यू, नगरसभाका सचिव ज्यू वडा अध्यक्ष ज्यूहरु, कार्यापालिका सदस्य ज्यूहरु, नगरसभा सदस्य ज्यूहरु, कर्मचारी मित्रहरु, सूरक्षाकर्मी साथीहरु, संचारकर्मी मित्रहरुमा मेरो व्यक्तिगत तर्फबाट तथा सबैला नगरपालिका परिवारको तर्फबाट हार्दिक नमस्कार !**

१. सबैला नगरपालिकाको गरिमामय नगरसभाको १५ औं अधिवेशनमा नगर उपप्रमुख तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक हुनुको नाताले आगामी आर्थिक वर्ष २०८३।०८४ को राजस्व, आय र व्यय अनुमान सहितको बजेट वक्तव्य प्रस्तुत गर्न गइरहेको छु ।

२. यस घडिमा नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका साथै राजनीतिक, सामाजिक परिवर्तनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तन, विभिन्न न्यायपूर्ण आन्दोलन, क्रान्ति, जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलन लगायतका बलिदानीपूर्ण सशक्त संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात, अज्ञात सम्पूर्ण महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु साथै अग्रगामी रुपान्तरणमा अग्रजहरुले पुर्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु ।

३. सबैला नगरपालिकाको स्थापना र संस्थागत सुदृढीकरणको लागि योगदान गर्ने सबैलाई नगरपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

४. नगरवासीका विकासका आवश्यकता र आकांक्षाको सम्बोधन गर्न उपलब्ध स्रोत र साधनको दिगो र सन्तुलित रुपमा उयपोग गरी विकास प्रक्रियालाई अगाडि बढाउनु पर्नेछ । आगामी वर्षको बजेट आर्थिक क्षेत्रमा देखिएका चुनौतीको सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने गरी केन्द्रित रहने तर्फ परिलक्षित हुनु पर्छ भन्नेमा हामी सजग छौं । नगरपालिकाको बजेटको ठूलो स्रोत केन्द्र सरकार र प्रदेश सरकारबाट प्राप्त विभिन्न अनुदानहरू रहेको र आगामी वर्षको लागि केन्द्र सरकार र प्रदेश सरकारबाट प्राप्त हुन सक्ने अनुदानको आकार घटेर आएकोले आगामी वर्षको लागि बजेट तर्जुमामा जटिलता थपिएको छ । उपलब्ध सीमित स्रोत साधनलाई अधिकतम उपयोग गरी सबै नगरवासीको जीवन रक्षा गर्ने, विभिन्न क्षेत्रमा उत्पादकत्व वृद्धि गर्ने, रोजगारी सृजना गर्ने, स्वरोजगारको लागि अभिप्रेरित गर्ने,

आर्थिक अवस्थाको पुनरुत्थान गर्दै विकासको गतिलाई अगाडि लैजाने गरी बजेट तर्जुमा गरिएको छ।

**सभाध्यक्षज्यू,**

**अब म आर्थिक वर्ष २०८३/०८४ को आय र व्ययको प्रस्तावित बजेट तयार गर्दा लिइएका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

५. यो बजेट निर्माण गर्दा नेपालको संविधानको अनुसूची ८ र ९ ले निर्दिष्ट गरेको स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, संघीय सरकारले अंगिकार गरेको सोह्रौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र नीतिहरु, दिगो विकास लक्ष्य (SDGs), स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकारको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तथा मधेश प्रदेश सरकारका प्राथमिकताहरू, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८, सबैला नगरपालिकाको पहिलो आवधिक योजना, २०८१, सबैला नगरपालिकाको पहिलो मध्यमकालिन खर्च संरचना, २०८१, विगतका वर्षहरुमा सम्पन्न भएका नगरसभाहरु बाट पारित भएका निर्णयहरु, स्थानीय विषयगत समितिहरुबाट प्राप्त राय सल्लाह सुझावहरु लगायत विभिन्न प्रतिवेदनमा प्राप्त सुझावहरुलाई आधार लिइएको छ।

**सभाध्यक्ष ज्यू**

**अब म आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेटका उदेश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

६. **"शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, पर्यटन र रोजगारः समृद्ध सबैला निर्माणको आधार"** भन्ने नारालाई आत्मसाथ गर्दै सामाजिक, आर्थिक विकास र जलवायु परिवर्तन अनुकुलन पद्दतीको अबलम्बन मार्फत स्थानीय अर्थव्यवस्थालाई उत्थानशील, समुन्नत र स्वाधीन बनाउने ।

७. गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने।

८. कृषि तथा उद्यमशीलताको माध्यमबाट रोजगारी सिर्जना गर्ने।

९. भौतिक पूर्वाधार विकासलाई दिगो र व्यवस्थित बनाउने।

१०. नगरवासीलाई सहज, सरल र पारदर्शी सेवा प्रदान गर्ने।

११. विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनलाई संस्थागत गर्ने।

**त्यस्तै गरी बजेटका प्राथमिकता देहाय बमोजिम रहेका छन् ।**

१. शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास,

२. पूर्वाधार निर्माण, कृषि, पर्यटन, पोषण तथा उद्यमशिलता विकास,

३. रोजगारी सृजना, वालबालिका, जेष्ट नागरिक, महिला तथा युवा केन्द्रित कार्यक्रमहरु,

४. विपद्जन्य जोखिम न्यूनीकरण तथा सार्वजनिक सेवा प्रवाहमा सुधार,

५. बहुक्षेत्र सहकार्य र समन्वयमा सुशासन प्रवर्धन

**सभाध्यक्ष ज्यू**

**अब म आय सम्बन्धी अनुमानित विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

<u>संघीय सरकार</u>

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार वित्तिय समानिकरण तर्फ | १३ | करोड | ६९ | लाख | | | | |
| २ | संघीय सरकार सशर्त तर्फ | २४ | करोड | ३४ | लाख | | | | |
| ३ | संघीय सरकार राजश्व बाँडफाँड तर्फ | १२ | करोड | ६६ | लाख | ६४ | हजार | | |
| ४ | संघिय सरकार विशेष अनुदान तर्फ | | | | | | | | |
| ५ | संघीय सरकार समपूरक अनुदान तर्फ | | | | | | | | |

<u>प्रदेश सरकार</u>

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सरकार समानिकरण अनुदान तर्फ | | | ९३ | लाख | ९५ | हजार | | |
| २ | प्रदेश सरकार सशर्त अनुदान तर्फ | | | | | | | | |
| ३ | प्रदेश सरकार राजश्व बाँडफाँड तर्फ | | | ७० | लाख | | | | |
| ४ | प्रदेश सरकार विशेष अनुदान तर्फ | | | | | | | | |
| ५ | प्रदेश सरकार समपुरक अनुदान तर्फ | | | | | | | | |

<u>आन्तरिक स्रोत</u>

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय राजस्व बाँडफाँड | १ | करोड | | | | | | |
| २ | आन्तरिक आय स्रोतबाट हुने अनुमान तर्फ | २ | करोड | | | ५ | हजार | | |
| ३ | अ. ल्या. (भुक्तानी बाँकी, फिर्ता गर्नुपर्ने, लागत साझेदारी गर्नुपर्ने, संघ संस्था सँगको अनुदान समन्वय हुनुपर्ने रकम समेत) | १५ | करोड | २३ | लाख | ७७ | हजार | ६७० | रुपैया |

| | | |
|---|---|---|
| ४ | भुक्तानी दायित्व | ५ करोड ५० लाख |
| | **कुल जम्मा** | **७७ करोड ७ लाख ४१ हजार ६७० रुपैया** |

- यस आ.व. को तुलनामा आगामी आ.व. २०८३/०८४ को लागि कुल बजेट अङ्कमा १५.२१ प्रतिशतले गिरावट आएको छ । संघीय सरकारको समानिकरण र राजश्व बाँडफाँड रकममा आएको कमी, यस नगरपालिकाको आन्तरिक राजस्व परिचालनमा आएको कमीका कारण बजेट अङ्क घटाउनु परेको छ ।

**सभाध्यक्ष ज्यू**

**अब म व्यय सम्बन्धी अनुमानित विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

- गत वर्षझैं वडा कार्यालयहरुलाई जम्मा ८ करोड ९३ लाख रुपैया विनियोजन गरिएको छ ।
- विषयगत क्षेत्रतर्फ

| | | |
|---|---|---|
| १ | सामाजिक विकास तर्फ | ७ करोड ६७ लाख |
| २ | आर्थिक विकास तर्फ | १ करोड ९० लाख |
| ३ | भौतिक पूर्वाधार विकास तर्फ | १७ करोड ३९ लाख ६४ हजार |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ | १ करोड ३५ लाख |
| ५ | संस्थागत विकास, सेवा प्रवाह सुशासन तर्फ | १ करोड ३५ लाख |
| ६ | कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ | १३ करोड ८५ लाख ६२ हजार |
| ७ | संघ, प्रदेश र विभिन्न निकायसँग साझेदारी तर्फ | २ करोड ७५ लाख |
| | संघ तथा प्रदेश सरकारको फिर्ता गर्नुपर्ने रकम तर्फ | ७० लाख |
| ८ | विभिन्न संघ संस्था सहयोग, अनुदान तथा व्यवस्थापन खर्च | ४० लाख |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | भुक्तानी निरन्तरता | ५ | करोड | ३६ | लाख | १५ | हजार | ६७० | रुपैया |
| १० | संघीय सरकार समपूरक अनुदान तर्फ | २४ | करोड | ३४ | लाख | | | | |
| | **कुल जम्मा** | **७७** | **करोड** | **७** | **लाख** | **४१** | **हजार** | **६७०** | **रुपैया** |

साथै, आगामी आर्थिक वर्ष २०८३/०८४ मा पूँजिगत **तर्फ रू.४९ करोड ३२ लाख ७४ हजार अर्थात् कुल बजेटको ६४ प्रतिशत** र **चालू तर्फ रू. २७ करोड ७४ लाख ६७ हजार अर्थात् कुल बजेटको ३६ प्रतिशत** गरी **जम्मा रू. ७७ करोड ७ लाख ४१ हजार ६७० रुपैया** व्यय हुने अनुमान गरेको छु ।

अन्य क्षेत्र तथा तहबाट प्राप्त हुने बजेट तथा कार्यक्रममा समन्वय तथा सहजीकरण गरिनेछ ।

आगामी आर्थिक वर्ष २०८३/०८४ को योजना तथा कार्यक्रमगत बजेट विनियोजनको विस्तृत विवरण सबैला नगरपालिकाको वार्षिक नगर विकास योजना **(Red Book)** पुस्तिकामा प्रकाशित गरिने व्यहोरा निवेदन गर्दछु ।

अन्तमा,
वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माणमा सहयोग पुर्याउने नगर कार्यपालिकाको कार्यालय परिवारलाई विशेष धन्यवाद दिंदै आफ्नो प्रस्तुतीकरण यहीं विराम गर्न चाहन्छु ।

धन्यवाद !

रहिमा खातुन
नगर उपप्रमुख
सबैला नगरपालिका